म.नि. प्र. का. द.नं. : ७६/०६८, वर्ष ११, अंक १८५ शुक्रबार, २८ माघ २०७८ दशमी नै. सं. ११४२ चिल्लाख्य 11 February, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

विपन्न विद्यार्थीलाई न्यानो कपडा

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका-१२ फाप्लेस्थित जनता आधारभूत विद्यालयमा अध्यनरत् विपन्न विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ ।

बिहीबार नेपाली कांग्रेस मकवानपुर जिल्ला सदस्य सुनमाया भोम्जनको व्यक्तिगत पहलमा १ सय १९ जना विद्यार्थीलाई न्यानो कपडा स्वरुप स्वीटर वितरण गरिएको हो । । न्यानो कपडाका लागि कांग्रेस महाधिवेशन प्रतिनिधि दिनेश मैनालीले आर्थिक सहयोग गरेका थिए ।

कार्यक्रममा कांग्रेस जिल्ला सदस्य कर्णबहादुर स्याङ्तान, उर्वन तामाङ, सुमिता तितुङ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष मानबहादुर स्याङ्तानलगायतको आतिथ्यता रहेको थियो । स्वीटर वितरणका लागि आर्थिक सहयोग गरेका मैनालीले विपन्नका लागि आफु हरेकपल सहयोग गर्न तयार रहेको बताए ।

उनले ग्रामीण क्षेत्रमा आफुले विकास निर्माणदेखि जनतालाई समेत विभिन्न सहयोग गर्दै आएको दाबी गरे ।

हेटौंडामा थन्कियो ५ हजार २५ इम्बोस्ड नम्बर प्लेट

बागमती प्रदेशका १३ हजार सवारीसाधनमा मात्रै इम्बोस्ड नम्बर प्लेट

साझाकुरा संवाददाता

हेटौंडा/भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गत कात्तिक २२ मा राजपत्रमा सूचना प्रकाशन गर्दै बागमती, लुम्बिनी, गण्डकी, कर्णाली र सुदुर पश्चिम प्रदेशमा इम्बोस्ड नम्बर प्लेट लागू गर्ने निर्णय गरेको थियो । तर, बागमतीमा अझै सवारी-साधनमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट लागू हुन सकेको छैन ।

यातायात व्यवस्था विभागले अर्डरअनुसार अहिले बागमतीको हेटौंडामा ५ हजार २५ र चितवनमा १ हजार ९ सय नम्बर प्लेट पठाइसकेको छ । हेटौंडामा पठाइएको नम्बर प्लेट प्रयोग गर्न अनिवार्य नगर्दा यातायात व्यवस्था कार्यालयमा थन्किएको छ ।

देशभरमै सबैभन्दा बढी सवारीसाधन रहेको बागमतीमा हालसम्म १३ हजार सवारीसाधनमा मात्रै इम्बोस्ड नम्बर प्लेट जडान गरिएको छ । सूचनाअनुसार पाँच प्रदेशमा सार्वजनिक सवारी, पर्यटक बोक्ने सवारी, निजी, सरकारी र संस्थानका सवारीमा नर्या सवारी दर्ता, नामसारी र सवारी दर्ता प्रमाणपत्र नवीकरणका क्रममा इम्बोस्ड लिइपर्ने उल्लेख छ ।

तर, बागमतीका १३ हजार बाहेकका चार प्रदेशका सवारीसाधनमा अझै अनिवार्य हुन सकेको छैन । कर्णाली र सुदुर पश्चिम प्रदेशमा अहिलेसम्म नम्बर प्लेट नै पठाइएको छैन । सुदुर पश्चिम प्रदेशका लागि नम्बर प्लेटसमेत छापिएको छैन ।

सुदूरपश्चिमको सवालमा लामो नाम भएकाले छोटो बनाउन समय लागेको यातायात

व्यवस्था विभागका निर्देशक रामचन्द्र पौडेलले बताए । 'सुदूरपश्चिम प्रदेशबाट बल्ल नाम आएको छ,' निर्देशक पौडेलले भने, 'अब नम्बर प्लेट तयार पारेर पठाउनेछौं ।' सुदूरपश्चिम प्रदेशमा इम्बोस्ड नम्बर प्लेटमा 'सुप' लेखिने भएको छ ।

मधेस प्रदेशको नाम टुंगिए पनि इम्बोस्ड नम्बर लागू गर्नबारे सूचना राजपत्रमा निस्किनुपर्छ । 'नाम टुंगिए पनि अहिलेसम्म राजपत्रमा सूचना निस्किइसकेको छैन,' उनले भने, 'सूचना निकालेपछि यसको प्रक्रिया अघि बढ्नेछ ।' गण्डकी र लुम्बिनी प्रदेशमा प्लेट पठाइसकिएको छ । केही समयभित्र नम्बर प्लेट वितरण गर्न थालिने निर्देशक पौडेलको भनाइ छ ।

गण्डकी प्रदेशअन्तर्गत पोखरामा ६ हजार ५ सय २५, बागलुङमा १ हजार ९ र नवलपुर को कावासोतीमा १ हजार ७ सय ५० नम्बर प्लेट पठाइएको निर्देशक पौडेल जानकारी दिए । लुम्बिनी प्रदेशअन्तर्गत बुटवलमा ७ हजार ६ सय, दाङमा १ हजार ७ सय २५ र नेपालगन्जका लागि ३ हजार ६ सय ५० नम्बर प्लेट पठाइएको विभागले बताएको छ । कर्णाली प्रदेशको सुर्खेतका लागि भने १ हजार २५ नम्बर प्लेट तयार गरेर राखिएको छ ।

विभागका महानिर्देशक नमराज घिमिरेले लुम्बिनी र गण्डकी प्रदेशमा नम्बर प्लेट पठाइसकिएको हुँदा कहिलेबाट वितरण गर्ने भन्ने कुरा प्रदेशले निर्णय गर्ने बताए । 'दुई लाखभन्दा बढी प्लेट तयार भएर विभागमा बसेको छ, अब क्रमिक रूपमा हामी पठाउँदै जाने छौं' उनले भने, 'तयारीमा ढिलाइ भएकै हो । प्रदेशमा जनशक्ति व्यवस्थापनमा कठिनाइ हुँदा व्यवस्थापन गर्न गाह्रो भएको हो ।'

यो प्राविधिक काम भएकाले जनशक्ति समयमै पुऱ्याउन नसकिए काम गर्न कठिन हुने उनको भनाइ छ । 'अहिले कती जनशक्ति व्यवस्थापन भइसकेको छ, कती हुँदै छ,' उनले भने । एक नम्बर प्रदेशको भने अझै नाम टुंगिइनसकेकाले इम्बोस्ड नम्बर प्लेट लागू गर्नबारे कुनै तयारी छैन ।

तयारीबिनै हतारमा निर्णय गर्दा अहिलेसम्म इम्बोस्ड नम्बर लागू हुन सकेको छैन । अहिलेसम्म ३१ हजार ७ सय नम्बर प्लेट छपिएको पौडेलको भनाइ छ ।

कात्तिक १२ देखि गण्डकी र लुम्बिनी प्रदेशमा इम्बोस्ड नम्बरका लागि आवेदन दिन मिल्ने गरी सिस्टम सुरु गरिएको उनको भनाइ छ । काठमाडौं उपत्यकाका लागि भने पर्याप्त नम्बर प्लेट रहेको निर्देशक पौडेलले बताए । २०७९ बैठ १७ मा भएको ठेक्का सम्झौताअनुसार अहिलेसम्म २५ लाख सवारीमा इम्बोस्ड नम्बर जडान गरिसक्नुपर्ने हो । यसको ठेक्का बंगलादेश र अमेरिकाको डेकाटुर-टाइपर आईटी कम्पनीले जोइन्ट भेन्चरमा लिएका हुन् ।

यसको म्याद गत अप्रहामा साढे दुई वर्ष थप भइसकेको छ । विभाग सोतका अनुसार ठेक्का लिने कम्पनीले ढिला गर्दा समस्या भएको हो । मुद्दामामिलाले गर्दा काम रोकिएको र अहिले समस्या नरहेको विभागको भनाइ छ । थपिएको समयभित्र ती कम्पनीले सबै इम्बोस्ड नम्बर प्लेट ल्याइसक्नुपर्नेछ । ठेक्का रकम ४ अर्ब ६८ करोड ५२ लाख ६२ हजार ५ सय रुपैयाँ ठेक्का रकम छ ।

हराएको २४ घण्टामा स्कुटर धनीलाई फिर्ता

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले २४ घण्टाभित्र हेटौंडा बजारमा हराएको स्कुटर फेला पारी सम्बन्धित धनीलाई झिम्मा लगाएको छ ।

माघ २५ मंगलबार अपरान्ह ५ बजेको आसपासमा हेटौंडा-२ कुमारी बैंक नजिक रहेको त्रिमूर्ति होटलअगाडि पार्किङ गरेर राखिएको हेटौंडा-५ बस्ने चेत कुमारी सापकोटाको नाममा रहेको ना ३४ प २३८४ नम्बर रातो स्कुटो होन्डा कम्पनीको स्कुटर हराएको २४ घण्टाभित्र फेला पारी सम्बन्धित धनीलाई प्रहरीले झिम्मा लगाएको हो ।

फेला परेको उक्त स्कुटर मकवानपुर प्रहरी प्रमुख एसपी सुरेन्द्रबहादुर गुरुङले बुधबार सापकोटालाई कार्यालयमै बोलाएर बुझाएका हुन् ।

अस्पतालबाट अध्यक्ष हटाउने तयारी गर्दै बागमती सरकार

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादीको वर्तमान गठबन्धन बागमती सरकारले प्रदेश अन्तर्गत रहेको जिल्ला अस्पतालका अध्यक्ष हटाउने तयारी गरेको छ ।

माघ १८ मा प्रदेश स्वास्थ्य मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गर्दै प्रदेशअन्तर्गतका अस्पताल व्यवस्थापन समितिका अध्यक्ष हटाउने तयारी स्वरुप स्पष्टिकरण सोधिसकिएको छ ।

मन्त्रालयका सचिव बद्रीबहादुर खड्काले मन्त्रीस्तरीय निर्णयबाट प्रदेशअन्तर्गतका अस्पताल व्यवस्थापन समितिका अध्यक्ष हटाउने निर्णय भइसकेको छ ।

'मन्त्रीस्तरीय निर्णयबाट अस्पताल व्यवस्थापन समितिका अध्यक्ष हटाउने निर्णय भएको छ,' उनले भने । नयाँ अध्यक्षहरु नियुक्त भने भएका छैनन् । बागमती प्रदेशअन्तर्गत १३ वटा अस्पताल र १३ वटा आयुर्वेद अस्पताल गरी २६ वटा स्वास्थ्य संस्थामा यसअघिको

सरकारले गरेका राजनीति नियुक्तिहरु खारेज गर्ने अन्तिम तयारी छ ।

यसअघि ती अस्पतालहरुमा नेकपा एमाले र माओवादी केन्द्र निकट व्यक्तिहरु अध्यक्ष रहेका थिए । स्वास्थ्यमन्त्री निमा लामाले प्रदेश क्याबिनेटबाटै पूर्ववर्ती सरकारले गरेका राजनीतिक नियुक्तिहरु खारेज गर्ने निर्णय भएको बताए । 'राजनीतिक नियुक्तिहरु हुन्, नयाँ सरकार बनेपछि स्वभाविक रुपमा खारेज हुन्छन्,' स्वास्थ्यमन्त्री लामाले भने, 'प्रक्रियामा छ भएपछि थाहा पाइहाल्न् हुन्छ नि ।'

स्थानीय निर्वाचन घोषणा भइसकेको अवस्थामा स्थानीय रुपमा गठबन्धन दल निकटलाई नियुक्त गर्नका लागि अस्पताल व्यवस्थापन समितिका अध्यक्षहरु मन्त्रालयले हटाउन लागिएको आरोप विपक्षीले लगाउन थालेका छन् ।

मकवानपुरमा बिहीबार थपिए ७ कोरोना संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा पछिल्लो २४ घण्टामा थप ७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । ५ जना कोरोना संक्रमणमुक्त भएका छन् ।

पछिल्लो २४ घण्टामा २३ जनामा पिसिआर र १३ जनामा एन्टिजेन परीक्षण गर्दा क्रमश: ४ जना र एक जना गरी ३ जनामा कोरोना देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्लामा पछिल्लो दिनहरुमा कोरोना पुष्टि हुनेको संख्या घटिरहेको छ । जिल्लामा हाल ८५ जना मात्र सक्रिय संक्रमित रहेका छन् ।

जसमा ८४ जना आफ्नै घरमा र २ जना संस्थागत आइसोलेसनमा रहेका छन् । जिल्लामा हालसम्म १७ हजार ७ सय ५१ जनामा कोरोना पुष्टि हुँदा १७ हजार ६ सय ६८ जना संक्रमणमुक्त भयर्ति कोरोनामुक्त भइसकेका छन् । जिल्लामा हालसम्म कोरोनाको कारण १ सय ७१ जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

यसैगरी, नेपालमा एकै दिन कोरोना संक्रमणबाट १२ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा देशभर गरी १२ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार जनाएको छ । यो संगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ८ सय ६४ पुगेको छ ।

यस्तै, २४ घण्टामा गरिएको ११ हजार ८ सय ८० परीक्षणमा १ हजार ३ सय ६९ जनामा संक्रमण पुष्टि भएको छ । सोही अवधिमा २ हजार २ सय ३८ जना संक्रमणमुक्त भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

बिहीबारसम्म सक्रीय संक्रमितको संख्या २९ हजार ४ र हेको छ । २४ घण्टामा २ लाख २० हजार ६ सय १ जनाले खोप लगाएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
कार वास भित्र/बाहिर
वाइरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००

घडेरी बिक्रीमा
जिल्ला : मकवानपुर
हेटौंडा उपमहा नगरपालिका
पडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२, ९८५५०७३६६९ हेटौंडा-५

साझाकुरा

हाम्रो कुरा

सम्पदा सदुपयोगमा कम्मर कसेर जुटौं

राजनीतिक स्थिरता नहुँदा देशले प्राकृतिक स्रोत साधनको जति उपयोग गर्नुपर्ने हो, त्यति हुन गर्न नसकेको देखिन्छ । अब भने स्थानीय, प्रदेश तथा संघीय संरचना अनुसार स्थिर सरकार रहेकाले प्राकृतिक स्रोतको उचित प्रयोग हुने आशा गर्न सकिन्छ । देश विकासका लागि महत्वपूर्ण प्राकृतिक स्रोतको सदुपयोग हुन नसक्दा देश विकास हुन सकेको छैन भने युवाहरु बेरोजगार भई विदेश पलायन हुनु परिरहेको छ । देशलाई समृद्धितर्फ लैजान र युवा श्रमशक्तिलाई स्वदेशमा रोजगारी उपलब्ध गराउन भएका प्राकृतिक सम्पदाको सदुपयोग अपरिहार्य छ ।

नेपालमा रहेका प्राकृतिक सम्पदामा जडीबुटी महत्वपूर्ण मानिन्छ । हावापानीमा विविधता भएका कारण नेपालमा धेरै प्रकारको जडीबुटी पाइन्छ । यहाँ पाइने जडीबुटीमध्ये विगत केही वर्षदेखि यार्सागुम्बाको चर्चा ज्यादा हुने गरेको छ । यार्सागुम्बाले पहिचान प्राप्त गरेको छ भने यसले नेपालमा पनि आंशिकरुपमा बजार ओगट्न थालेको छ । विदेशमा त यसको मूल्य निकै मंहगो भएको बताइएको छ । तर, त्यसको वास्तविक लाभ नेपाल र नेपालीले लिन नसकेको अवस्था छ । धेरथोर लाभ लिए पनि वास्तविक लाभ भने लिन सकेको छैन ।

नेपालमा यार्सागुम्बाको लार्भामात्रै बिक्री हुन्छ, जबकि प्रशोधन गरेर त्यसको प्रयोग कसरी हुन्छ भन्नेसमेत थाहा छैन । नेपालीले परम्परागत किसिमले यसको उपयोग गर्दै आएका छन् । यसको वास्तविक प्रयोग नेपालीहरुले गर्न सकेका छैनन् । राज्यस्तरबाट यस्ता प्राकृतिक स्रोत साधनको उचित उपयोग गर्ने हो भने त्यसबाट निकै फाइदा लिन सकिन्छ । राज्यको राजस्व पनि अभिबृद्धि हुन्छ । यार्सागुम्बालगायत अन्य जडीबुटीको संकलन व्यवस्थित नहुँदा त्यसको विनाश हुने डर पनि उत्तिकै छ । नेपालको अर्को महत्वपूर्ण प्राकृतिक सम्पदा भनेको जलस्रोत हो । जलविद्युत् उत्पादनको पर्याप्त सम्भावना हुँदाहुँदै पनि न्यूनमात्रामा विद्युत् उत्पादन हुँदा त्यसबाट पनि पर्याप्त लाभ लिन सकेको पाइँदैन । संघ, प्रदेश तथा स्थानीय सरकारले प्रभावकारी नीति ल्याएर जलविद्युत् उत्पादनमा नागरिकको लगानी अकर्षित गर्ने हो भने विद्युत् उत्पादन सहज हुने धेरै आधार देखिएको छ । त्यस्तै प्राकृतिक सुन्दरताका कारण नेपालमा पर्यटन व्यवसायबाट निकै लाभ लिन सकिने सम्भावना छ । प्राकृतिक सम्पदाको उचित प्रचारप्रसार र पर्यटन पूर्वाधारमा ध्यान दिने हो भने प्रशस्तै विदेशी पर्यटक भित्र्याएर आर्थिक समृद्धि हासिल गर्ने अवसर नेपालमा छ ।

राज्यले नागरिकलाई उचित मार्गप्रशस्त गरिदिए पुग्छ । देशमा रहेको जल, जंगल, जमिन, जडीबुटीजस्ता प्राकृतिक सम्पदाको सदुपयोगमा ढिलाई गर्नु हुँदैन । आर्थिक क्षेत्रको मेरुदण्ड नै प्राकृतिक सम्पदालाई बनाउन ढिला भइसकेको छ । यसतर्फ सबै तहका सरकारको ध्यान जानु आवश्यक छ । आफूसँग जे छ त्यसको समुचित प्रयोग गरिनु आवश्यक छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मक्वानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
बडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५२०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९१३८१
चौकीटोल चौकी	९७४२५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौपडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५४०००२९९
फाखेल चौकी:	९८४५०३१२९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७१९, ९८५१०२८९५२
हेटौंडा अस्पताल:	५२०३०८
परिवार नियोजन संघ:	५२०७५९८४९०४५००
नगरी रेडक्रस:	९८४१७०८८२१
छतिवन रेडक्रस:	९८६१६२२३१०
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०४४०१
बडाबाराही रेडक्रस:	९८४५०२९८४
सहकारी अस्पताल:	०५०-५२६४०१, ९८४५१९१९
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
महादेवी नेपाल:	५२१०४०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

आजदैनिक हितको लागि
राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ २९ गते शनिबार १२ फेब्रुवरी २०२२ । माघ शुक्ल एकादशी । सिल्लाथ्व एकादशी ११४१ । सूर्योदय ६:४३ र सूर्यास्त ५:५३ मा हुनेछ । भीमा एकादशी व्रत ।

आजको राशिफल

मेष	: अध्ययनमा बाधा	तुला	: आफन्तजन भेट
वृष	: धन प्राप्ति	वृश्चिक	: भित्रजन भेट
मिथुन	: शत्रुबाट मुक्त	धनु	: प्रेममा सफलता
कर्कट	: धन नष्ट	मकर	: शुभ कार्यको थालनी
सिंह	: मिष्ठान्न भोजन	कुम्भ	: सुख प्राप्ति
कन्या	: आलश्यता	मीन	: यात्राको योग

एमसीसी नेपालका लागि आवश्यक

शिवजी श्रेष्ठ

अहिले मौसम जति चिसिएको छ त्यति नै नेपालको राजनीतिक ताप्तिएको छ । चिसो मौसममा राजनीति ताप्तिनुको कारण हो- अमेरिकी सहयोग परियोजना एमसीसी । एमसीसी प्रकरणमा सत्ता पक्ष र प्रतिपक्ष सबै तानिएका छन् । कोही पनि यसबाट विर्कषित छैनन् ।

मुख्य कुरा के हो भने अहिले प्रमुख प्रतिपक्षमा रहेका दलले नै अहिले सत्ता पक्षमा रहेका केही घटकसहित एउटै विशाल पार्टी हुँदा एमसीसी पास गर्न चाहन्थे । त्यतिबेलाका सभामुख यसका बाधकझैं देखिएका थिए । उनले संसद्मा टेक्न गर्ने वातावरण बनाएनन् भनिन्थ्यो । तर सभामुख फेरिएको पनि तत्कालीन प्रधानमन्त्री र सभामुखको सहकार्य हुन नसक्दा एमसीसीले पास हुने बाटो पाएन । त्यसबेलाका सत्तारुढ दल टुक्रा टुक्रा भए । माहोल नै परिवर्तन भयो । सत्ताका मुख्य घटक प्रतिपक्षमा पुगे, उनै दलका टुँकिएका पाटीसहित प्रतिपक्षको नेतृत्वमा सरकार बन्यो । एमसीसीबारे फेरि उही सन्दर्भ ताजगी भएर आयो- कसैलाई हुबहु पास गर्नुछ, कसैलाई परिमार्जनसहित पास गर्नुछ भने प्रतिपक्षलाई तर ससर्त पास गर्नुपर्ने भएर आयो ।

यस प्रकरणको उल्लेखनीय पक्ष के छ भने एक दशक अगाडिदेखिका सबैजसो सरकार यस मामिलामा कुनै न कुनै रूपमा जोडिएका छन् । नेपालको राजनीतिक परिदृश्यमा कुनै न कुनै वैदेशिक प्रभावको बाछिटामा आफूलाई राष्ट्रवादी र अरूलाई राष्ट्रघाती देखाउने होड नै चल्ने गरेको छ । कुनै समय नेपाली राजनीतिले 'विस्तारवाद, साम्राज्यवाद, विश्वव्यापी दलाल, भारतीय दलाल' अस्ता शब्द धेरै प्रयोग गर्थे । राष्ट्रवादी हलका लागि भारतको विरोध गर्नैपर्ने मानसिकता थियो । अनि खरो कम्युनिस्ट देखिन अमेरिका, भारतको विरोध गर्नुपर्थ्यो । त्यसैले भारतसँग हुने कुनै पनि सन्धिमा राष्ट्रघात देख्ने पर्थ्यो । नदीसँग सम्बन्धित सन्धि वा सम्झौता भयो भने त झन् त्यो नदी बेचेको आरोप सहजै आउने गर्दथ्यो । त्यसैले कुनै पनि सरकार छिमेकीसँग त्यस्ता सन्धि वा सम्झौता गर्न हच्किन्थ्यो ।

कुनै प्रधानमन्त्री भारत भ्रमणमा गएर फिर्ता आउँदा सन्धि वा सम्झौता नगरी फर्कियो भने ठूलो सफलता मानिन्थ्यो । त्यसै अनुसार जनताका दृष्टिकोण पनि बन्दै गए । एमसीसीप्रतिको अहिलेको जनधारणा पनि त्यसैको आधारमा खडा हुँदै गएको देखिन्छ । त्यसभित्र के छ भनेर खोजी गर्नभन्दा कुन देशसँग सरोकार राख्छ भन्ने पूर्वाग्रही धारणा बन्न पुगे । हरेक कुरा राजनीतिबाट निर्देशित भएका छन् । स्वदेशी स्वार्थबाट भन्दा विदेशी स्वार्थबाट परिचालित हुन थालेको देखिन्छ । एमसीसी नेपालका लागि कति लाभदायक छ भन्दा छिमेकीले के भन्छन्, परिचमाले के भन्छन् भन्ने मानसिकताबाट प्रभावित छ । यसको समर्थन वा विरोध पनि भित्री तत्वभन्दा पनि बाहिरी तत्वले बेसिरहेको छ । नेपालको इतिहास हेर्दा भित्तरदेखि नै सहयोग वा व्यापारिक सन्धि सम्झौता हुनेगरेका भेटिन्छ । त्यो समयमा पनि सहयोग लिने-दिने कार्य यसै कुराबाट प्रभावित भएको देखिन्छ । तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणा बेलायत हुँदै फ्रान्सको भ्रमण सकेर फर्किंदा त्यहाँका सरकारबाट सहयोग र सहकार्यको प्रस्ताव आउँदा स्वीकार्न मानेनन् ।

त्यसको कारण सहजै अनुमान गर्न सकिन्छ । आजभन्दा १७ वर्षअघि नै नेपाल-यूरोप वैदेशिक एवं व्यापारिक सम्बन्ध विस्तारको अवसर गुमेको थियो । तैपनि संसार हल्लाउने जर्मनका राष्ट्र प्रमुख हिटलरले राजा त्रिभुवननाई मसिंडिज बेन्ज कार पठाएका थिए । साथद उनी ब्रिटिसले चलाएका गोर्खाली सेनाको बहादुरीमा लोभिएका थिए । विसं. २००३ मा श्री ३ पद्म शमशेरको पालामा अमेरिकी प्रतिनिधि मण्डलले काठमाडौं आएर नेपालसँग मैत्री सम्बन्ध राख्न अमेरिकी सरकारको अनुरोध पत्र बुझाएको थियो । सोहीअनुसार दुई सरकारबीच सम्झौता भएको थियो । त्यसले दिल्लीस्थित अमेरिकी राजदूत नेपालका लागि पनि हुने र लन्डनस्थित नेपाली राजदूत अमेरिकाका लागि पनि हुने निर्णय भएको थियो । सम्बन्धको विकास यसरी औपचारिक रूपमा हुनुअघि नै नेपालको सम्बन्ध अन्य राष्ट्रहरूसँग पनि विस्तार भइसकेको देखिन्छ ।

विसं.१९९० सालको भूकम्पमा ब्रिटिस भारत, बेलायत र जापान सरकारको तर्फबाट भूकम्प पीडितहरूका लागि चन्दा सहयोग उपलब्ध गराउन चाहँदा जुद्ध शमशेरले विदेशी संस्था र व्यक्तिगत चन्दा स्विकार्ने तर विदेशी सरकारको चन्दा स्वीकार गर्दैनौं भनेर फुर्ति देखाए । उनले चन्दा अस्विकार गर्ने पनि आजभन्दा करिब एक शताब्दी अगाडि नै नेपालको वैदेशिक सम्बन्ध कहाँ पुगिसकेको थियो भन्ने देख्न सकिन्छ । यसैगरी ८२ वर्षपछाडि २०७२ सालमा दोश्रो महाभूकम्पमा बेलग्रती सरकारले भूकम्पपीडितको उद्धारका लागि पठाएको ब्रिटिस हेलिकप्टरलाई नेपाल क्षेत्र गर्ने अनुमति दिइएन । त्यसको अर्थ नेपाल-बेलायत सम्बन्धमा केही पनि परिरहेको देखिन्छ । यसरी समयानुकूल वैदेशिक सहयोग र व्यापारिक सम्बन्ध विकास गर्न नसक्दा नेपालले त्यसको फाइदा लिन नसकेको देखिन्छ ।

अहिले अमेरिकाको एमसीसी भ्रै चीनले बीआरआई कोत्रपरेसनका कारण दक्षिण छिमेकी भारतसँगको सम्बन्ध तगारो बनेको देखिन्छ । त्यसैगरी एमसीसी पनि उत्तरी छिमेकी चीनको कुटनीति तगारो बनेर उभिएको देखिएको छ । यी दुवै अवसरले नेपाललाई कस्तो असर पर्छ भनेर मूल्यांकन गर्नैभन्दा पनि छिमेकी देशलाई कस्तो असर पर्छ भनेर हाम्रा नेताको मानसपटल खल्बलिएको छ । आफ्नो देशको विकास र उन्नति सोचेर 'डिल' गर्ने नेताहरू पनि नभएका हैनन् । तर त्यतिखेर तिनै छिमेकीले झस्काइएका दृष्टान्तहरू पनि छन् । नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले चीन भ्रमणका बेला चिनिया प्रधानमन्त्री चाउ एनसँगको वार्तामा प्रस्ट आफ्नो आत्म वृत्तान्तमा उल्लेख गरेका छन्- 'मैले चाउ एनलाईलाई भने मैले देश बनाउन खोजिरहेको छु, मलाई तिमीहरूको आर्थिक सहायता बेसी चाहिन्छ, भारतले १८ करोड सहायता गरेको छ, तिमीहरू पनि भारत बराबर त्यति नै गर न ।' तब चाउ एनलाईले भने- 'हैन हैन हामीले धेरै सहायता दियौं भने भारत सतर्क हुनेछ र हामीलाई राम्रो हुँदैन । प्रतिस्पर्धा गर्न खोज्यो भनेर अन्तर्राष्ट्रिय पनि पर्न आसक्छ, हामी त तिमीहरूसँग मित्रता गर्न खोज्दैछौं, त्यसो हुनले तमी भारतभन्दा कम सहयोग दिन्छौं । यसमा नराम्रो नमान्नु, हामी दिन त जति पनि दिन सक्छौं तर यो तिमीहरूको हितमा पनि हुँदैन र हाम्रो (चीनको) हितमा पनि हुँदैन ।' अनि बीपीलाई के सल्लाह पनि दिएछन् भने 'भारतसँग तिमीहरूको सहायताहरू बेसी हुनसक्छ, हामीले त सहायता गरौं भने पनि लामो बाटोबाट आनुपर्ने हुनाले खर्च पनि बेसी हुन्छ, भारतसँग प्रतिष्पर्धामा आउन पनि हुँदैन तिमीहरूलाई सहयोग गर्नलाई ।'

कस्तो व्यावहारिक अनि समझदार कूटनीति ! एक प्रसङ्गमा बीपीले चाउ एनलाई नेपाल भ्रमणमा आएको बेला पोखरामा फेवातालको बाँध बन्दै थियो । त्यो हेरेर सुझाव दिएका र हेछन्- 'यस्ता वैदेशिक सहयोगबाट ठूला योजना बनाउन त सकिन्छ तर आफ्नै स्थानीय प्रविधि, माटो, ढुंगा प्रयोग गरे दिगो होला, नत्र सिमेन्ट र कृत्रिम सामग्री प्रयोग गर्दा बिस्तारै माटोले ती चिजको साथ छाडिदिन्छ र कुनै दिन दुर्घटना हुन सक्छ ।' बीपीले भनेका छन्- पछि भयो पनि त्यसै अर्थात् फेवातालको बाँध फूट्यो । ठूला ठूला वैदेशिक सहयोगलाई स्थानीयकरण गरेर सदुपयोग गर्न सक्नुपर्ने कुरा माओत्से तुङले पनि बीपीलाई चीन भ्रमणको क्रममा सुझाएका रहेछन् ।

बीपी चीन भ्रमणमा एएका बेला माओत्सेतुङबारे एउटा हल्ला चलेको थियो- माओ सार्वजनिक हुन चाहँदैन । तर एक रात ११ बजेतिर बीपी बसेको होटलमा ढोकामा कसैले ढक्ढक गर्छ, त्यतिखेर बीपी सुत्न लागिसकेको हुन्छन् । ढोका खोल्दा खबर आउँछ, तब होटलको लबीमा माओ बीपीलाई भेट्न कुरेर बसिरहेका छन् । अनि बीपी तब पुग्दा सामान्य पोसाकमा माओ उभिइरहेका हुन्छन् । डेढ घन्टा बीपी र माओबीच तीनवटा विषयमा कुरा हुन्छ- माउन्ट एभरेस्टको स्वामित्वको बारेमा, सानो र ठूलो राष्ट्रको बराबरको बारेमा अनि आफ्नुनिम पैसी कस अपर्याप्त प्रविधि पनि हाम्रो आफ्नै किसिमको हुनुपर्छ भनने बारेमा । अनि माओले बीपीलाई भन्नुभएको रहेछ- हामी (चीन)हरू त गरिब देश भाएकले र हामीसँग पुँजी कमी भएको हुनाले श्रमप्रधान योजना कार्यान्वयन गर्दछौं ।

हाम्रा ती बौद्धिहरू र अरू कुराको निर्माणहरू हेरेका होलाउ नि ? यसरी आफ्नो हैसियत बुझेर भएका र पाएका साधन र स्रोतलाई सदुपयोग गर्दै माओ आफैंले गरिब भनेको चीन अहिले विश्वको दोश्रो ठूलो आर्थिक शक्ति हुन पुगिसकेको छ । तर हाम्रो देश चाहिँ अझै पनि प्राप्त सहयोग र आर्थिक अवसरमा राजनीतिक खेलखाला नै अल्मलिएर उही ढुब र शमशेरकालीन फोसे धाकमा नै रुमलिइरहेको छ । हाम्रा नेताहरूले कहिल्यै प्राप्त सहयोग योजनाको बारेमा एकआपसमा सँगै बसेर छलफल गरेका छन् ? देशले उन्नतिको बाटो खोल्न सक्छ भनेर कहिल्यै मथिंगल घुमाउने गरेका छन् ? पक्कै छैनन् । सरकार पक्ष एमसीसी यथासक्य चाँडै पास गर्नुपर्ने भन्छ, सत्ता पक्षभित्रकै केही नेता उत्तरी छिमेकीले के भन्ला भनेर पछाडि धकेले भन्छ, सभामुख संसद्या छलफल नै नगराऊने पक्षमा छन् अनि प्रतिपक्ष चाहिँ आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न सभामुखलाई महाभियोग लगाउने हो भने एमसीसी पास गराउन सहयोग गर्ने भन्छ । तर, एमसीसीभित्र देशलाई फाइदा हुने केके छ, हानि हुने केके छ भनेर अध्ययन गर्ने कोही छैन । न त कसैले यसलाई रोक्नुपर्ने कारण देखाउन सक्छन् न त अहिले नै पास गरिहाल्नुपर्ने कारण देखाउन सक्छन् । बस सबै आग्रहरु उम्फ् बजाऊ सुरमा छन् । एमसीसीको बारेमा अध्ययन गर्न समिति उही सत्ता पटकभित्रकै राजनीतिक नेताहरू राखेर बनाउँछन् । जो पहिले नै आफ्नो धारणा तयार गरेका छन् । यस्ता सहयोगबारे अध्ययन गर्न प्राविधिक, प्रशासनिक, व्यावसायिक विशेषज्ञता र अनुभव हासिल गरेकासहितको अध्ययन टोली हुनुपर्छ । उसले दिएको सल्लाह र सुझावका आधारमा राजनीतिक निर्णय लिइनुपर्छ ।

हाम्रा नेता बेलाबखत नेपाललाई सिंगापुर बनाउने सपना देख्दछन् देखाउँछन् तर सिंगापुर कसरी बन्यो, पढ्दैनन् वा बुझ्न चाहँदैनन् । ली क्वान यु बन्न खोज्छन् तर के गर्ये भनेर जान्न चाहँदैनन् । उनले बेलायती प्रधानमन्त्रीका आर्थिक व्यवस्थापकले आर्थिक चलखेल गरेर सिंगापुरको आर्थिक क्षेत्र तहसनहस पार्न खोज्दा बेलायतकै अदालत र अन्तर्राष्ट्रिय अदालत पुगेर पनि सिंगापुरको अर्थतन्त्रलाई चोख्याएका छन् । तर हाम्रा नेताहरूले यसै आर्थिक चलखेल गरेर देशको अर्थतन्त्र तहसनहस पार्न खोज्ने हरितन्त्रमहरूलाई आफ्नो वरिपरि राखेर देशको अर्थतन्त्रलाई बिटुल्याएका त छैनन् ? आफैंलाई हेर्नुपर्ने देखिन्छ ।

नेपालका सत्तामा हुने र प्रतिपक्षमा हुनेहरूले सोच्नुपर्ने बेला आएको छ- कुनै न कुनै रूपमा नेपाल आउन लागेको पैसा रोक्न खोजिएका त हैन ? यसको खोजी गर्नु जरुरी छ । अनि खोज्न जरुरी छ, डा अल्भर्टले ली क्वान युलाईले भने झैं 'पैसालाई सुन दिइएको त छैन' भनेर । यसको लागि डा. अल्बर्टहरूजसै सल्लाहकारको खोजी गर्नु जरुरी छ । तर हाम्रा नेताहरू आफ्ना सासयोगी हैन, 'यस म्यान'को खोजी गर्छन् । ती दुष्टान्तहरूले देशलाई आधुनिक विश्व दौड्या अगाडि बढाउन आर्थिक रूपमा चलखेल बढाउन मानर्दैनन् वा भन्छन् ।

तसर्थ तेश्रो विश्वको पनि पुछारमा रहेका हाम्रो जस्तो देशलाई पहिलो विश्वको सिंगापुरको बाटोमा हिंडाउन यस्ता थुप्रै एमसीसीहरू आउन दिनुपर्छ । यसमार्फत आउने पैसाको चलखेल हुन दिनुपर्छ । तर, यस्तै एमसीसीसँगै आउन खोज्ने जिम स्लाटरहरूलाई चाहिँ छानी छानी रोक्न सक्नुपर्छ । अनि भित्र पसेर देशको अर्थतन्त्र बिटुल्याउन खोज्ने यस्ता जिम स्लाटरहरूलाई ठाउँठाउँका अदालतमा उभ्याएर सेवन सक्नुपर्छ, चाहे ती टाढाका हुन् वा नजिकका । तर, धेरै एमसीसीहरूलाई नेपालमा आउने वातावरण चाहिँ तयार गर्नुपर्छ । त्यसका लागि नेताहरूले धेरै-धेरै सपना देख्न सक्नुपर्छ । ती सपना पूरा गर्न अझै धेरै एमसीसीहरू आउन दिनुपर्छ ।

(बेलायत निवासी श्रेष्ठ पूर्व डीएसपी हुन्)
- साभार: रातोपाटी

सहरी अवधारणामा अपराधगत मनोदशा

प्रदीप उप्रेती

विश्वका अन्य मुलुकसरह नेपालमा पनि सहरी अवधारणाको विकासर्सगसँगै अपराधगत मनोदशामा विविधता कायम रहन जाने प्रबल सम्भावना रहेको हुँदा अपराध एवं आपराधिक प्रवृत्तिमा समेत भिन्नतासहितको फरकपनको महसुस आम जनसमुदायलाई हुँदै आएको वर्तमान परिपेक्ष हो । यद्यपि ग्रामीण एवं सहरकेंन्द्रत अपराधको क्षेत्रमा तुलनात्मक रूपमा तात्त्विक भिन्नता भने रहेको पाइँदैन ।

नागरिक सुरक्षा संवेदनशीलताको दृष्टिकोणबाट अध्ययन गर्दा ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्र रक्षात्मकतातर्फ उन्मुख रहेके कारण सुरक्षाको प्रत्याभूति अवाधधिक बाहल रहन जाने देखिएको हुँदा उल्लेख्य जनसमुदायको बाक्लो उपस्थिति रहने गरेको मात्र हो । अन्यथा वाह्यरक्षीय प्रदूषण तथा स्वच्छताको हिसाबमा अझै पनि हाम्रा ग्रामीण बस्तीहरू मानव बस्ती विकासका लागि अव्वल रहँदै आएको पाइन्छ । विकासस्तमत क्षेत्रिय अवधारणाका आधारमा राज्यका अभिन्न अङ्गको रूपमा विद्यमान रोकेर भए तापनि राष्ट्रिय स्तरको अपराधको क्षेत्रमा भने दुवै भूमिका बमान-बसन नै रहनेछ ।

अपराधशास्त्रीय दृष्टिकोणबाट सजाय तथा जरिवानाहरू निर्धारण गर्दा राज्यले शैक्षिक, नैतिक, धार्मिक, वर्ग, सम्पन्नता-विपन्नता वा प्रदेशगत क्षेत्रीय बसोबासलाई नै मूल मुद्दा बनाई कुनै पनि पछलाई विभेदको रणनीति अकलम्बन गर्नेछैन । किनकि न्यायिक सम्पादनको दृष्टिकोणबाट हेरेक समुदयविशेषलाई विभेररहित समनताको आधारमा न्याय प्रतिस्थापन गराउने प्रयास गरिएको हुन्छ । विशेष गरी सहरी अवधारणाअन्तर्गतका विषयक्तुहरूमा मानवीय स्वभावानुसार आफ्नो सीमित आयको साँघुरो घेराभित्र संकुचित एवं अनुभनित रहँदै असीमित मानवीय आवश्यकता पूरा गर्नुपर्ने बाध्यात्मक परिस्थितिको निर्माण ग्रामीण क्षेत्रको तुलनामा सहर एवं सहरउन्मुख बस्तीहरूमा अत्यधिक मात्रामा रहन गएको देखिन्छ । जसका खातिर न्यूनतम शुल्क खर्चिएर अधिकतम मानवीय सुखसुविधा प्राप्तिको लालसामा बर्सेनि ग्रामीण क्षेत्रबाट सुविधासम्पन्न सहरी क्षेत्रमा उच्चस्तरको जनसंख्या वृद्धि हुन गएको तथ्यसंग हामीहरू साक्षात्कार रोकेकै छौं । जुन क्षेत्रमा जनसंख्याको चाप उच्च रहन्छ त्यहाँ निश्चित रूपमा मानवीय समस्याहरू चुलिने सम्भावना पनि जीवन्त रहन्छ । परिणामतः सम्बद्ध क्षेत्रका सामाजिक, आर्थिकलगायतका मानव जीवनसँग सान्दर्भित आधुनिक समस्याले मानव समुदायलाई घेर्ने अवस्था पैदा गर्नेछ, जसमा विशेष गरी अर्थिक अपराधले प्रमुख स्थान ओगटेको देखिन्छ ।

किन्चनै ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा अवसरको सम्भावना अत्यधिक रहने हुँदा तत्संग सम्बन्धित आर्थिक क्रियाकलापको दरमा पनि समयानुकूल वृद्धि हुने भएकाले यसैगर आबद्ध अपराधका दरहरूमा पनि दिनहुँ अभिवृद्धि हुने गरेको मात्र हो । सहज रूपमा मार्गप्रशस्त हुन सकेको खण्डमा यसले बीभत्स रूप धारण गरी हत्या, बलात्कारको रूपमा प्रतिस्थापित हुने यस क्षेत्रका जानकाराहरूको बुझाइमा रोकेको पाइन्छ । बढ्दो अपराधको प्रमुख कारक तत्वविशेषका रूपमा न्यून कामका लागि अत्यधिक अर्थोपार्जनको गलत मार्ग खोल्ने प्रक्रियाको उच्च गतिलाई लिन सकिन्छ । परिणामतः जति सहज रूपमा आम्दानीको अभिवृद्धि रहन्छ, खर्च गर्ने संस्कृतिमा पनि मितव्ययिताको न्यूनता कायम रहन नसकी मनपरी ढंगले खर्चिने स्वभावको अवस्था प्रारम्भ हुन्छ । जसको विकासले निश्चित रूपमा मानवमात्रलाई अपराधकर्मतर्फ डो-याएर लग्छ । यसका अतिरिक्त प्रलोभनजन्य गलत मनसायका कारण विवेकहीनताले प्रोत्साहन पाई अपराध गर्न सक्ने तथ्यहरूले औल्याउँदै आएको पाइन्छ, जसमा बढ्दो सहरी जनघनत्वका कारण मनिसहरूमा नितान्त व्यक्तिवादी चरित्रको हावी रहन गई मानवीय नैतिक मूल्य-मान्यतालाई एकातिर लत्याउँदै जस्तोसुकै कुकर्म गरेरै भए पनि शक्तिलता र सम्पन्नता हासिल गर्नुपर्ने प्रवृत्तिगत अभिमानको अभिवृद्धिले सहरी अवधारणामा समेत अपराधगत मनोवृत्तिले मौलाउने अवसर पाएको हो भन्दा त्यति अत्युक्ति नहोला ।

तत् सन्दर्भमा कुनै पछवाट बाधा-विरोध सिर्जना भए जस्तोसुकै गम्भीर अपराध गर्न पनि पछि नपर्ने संस्कृतिको विकास जनसंख्या वृद्धिकै कारण ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा बढ्न गएको हो । प्राप्त समस्या समाधानीकरणतर्फ उन्मुख रहने क्रममा दुई अवस्था प्रारम्भ हुने देखिन्छ । सुरुको अवस्थामा सकारात्मक भावनाको अभ्युदय गराउँदै समाजिक जनजीविकालाई सहजीकरणको मार्गमा हिंडाउने प्रयास गरिन्छ । सहरी वातावरणमा अनिम्ती समस्याहरू जसताकी त्यतै रहेकै कारण निकारणको मार्गमा व्यवधान सिर्जना भए अपराधको भीभृद्धि हुँदै तथ्यलाई नजर्न मिल्दैन । यसको कर्ता पक्ष भनेको आवश्यकता परिपूर्तिको क्षेत्रमा आएको गतिरोधले निश्चित रूपमा नागरिक समाजलाई द्वन्द्वात्मकतातर्फ धकेल्ने सम्भावना पनि त्यत्तिकै रहेको पाइयो ।

जहाँ सामाजिक द्वन्द्व रहन्छ त्यहाँ अपराधीकरणले प्रोत्साहन पाउने नियति नै हो । सामान्य रूपले हेर्दा आर्थिक असमानता, गरिबी, प्रलोभन आदिका कारण कुनै पनि व्यवधान तयार हुन्छ भने त्यहाँ निश्चिय पनि अपराधकर्मको जन्म हुने आपराधिक सैद्धान्तिक पृष्ठभूमि हुन् । किनभने गरिबीले असमानताको जन्म गराउँदै गाँस, बास र कपासको अभाव पूर्ति गर्ने क्रममा कहिलेकाही मानवमात्रले जानाजान वा कानुनी अज्ञानतावश अपराधकर्मलाई अँगाल्ने गर्छ । तसर्थ राज्यका तर्फबाट गरिबी निवारणको रणनीतिक योजनालाई सहरदेखि गाउँगाउँसम्म व्यवस्थित तवरले लैजाने हो भने निश्चित रूपमा आज मुलुकमा आर्थिक असमानताका कारण निम्तिएको अपराधको दरमा कमी आउनेछ भनी ठोक्वा गर्न सकिन्छ । जसले समुदायभित्र कायम रहँदै आएको आर्थिक असमनतालाई समानताको मार्गमा प्रविष्ट गराउँदै सामाजिक न्यायको प्रत्याभूति दिलाउने कार्यमा कोसेढुंगा साबित हुने देखिन्छ । सामाजिक न्यायले सहसम्बन्धको प्रतिस्थापन गराउँदै सामूहिक कार्यको अवधारणाका साथै अर्थोपार्जनको समृद्धित खाका तयार गरी विपन्न वर्गलाई सँग समहित गर्ने हुँदा सामूहिक हितभावको अभिवृद्धिले कायमी सामाजिक अपराधलाई न्यूत गर्नेछ । क्षेफलवनुसार जनघनत्व अधिक वा न्यूनका आधारमा अपराधको दर पनि तुलनात्मक रूपमा घटी-बढी रहने गरेको मात्र हो । तथापि आज मुलुकको अपराधको दर सहरी क्षेत्रको तुलनामा ग्रामीण बस्तीहरूमा पनि बढ्दै जानुमा हैनातामुखि स्वभावको अभिवृद्धि, आर्थिक अभाव ईर्षा आदि कानुनी अनभिज्ञता एवं जनचेतनाको अभावका कारण बदलाभावमा रूपान्तरण हुने हुँदा समाजमा अपराधको दर घटुनुको साटो बढ्दै गएको जस्तो देखिएको मात्र हो ।

सहरी क्षेत्रमा जनघनत्वको चाप उच्च रहेकै कारण सकुन्तीको उपलब्धता रहँदारहँदै पनि पहुँचको न्यूनताले समस्या समाधान गर्ने दिशामा व्यवधान उत्पन्न हुँ गरेको हो । जसले मानव मात्रलाई केही हदसम्म आर्थिक रुग्णताको भमरीमा रिंगाउँदै अन्य समुदायको देखासिकी गर्ने प्रवृत्तिको विकासले नागरिक समाजमा आर्थिक विचलनको अवस्था तयार पार्नेछ, जुन वर्तमान परिप्रेक्ष्यमा सहरी वातावरणमा अत्यधिक रूपमा रहन गएको पाइयो । प्रस्तुत विचलित आर्थिक मनोदशाले विचलनको परिस्थिति निर्माण गर्दै अपराधीकरणलाई प्रोत्साहित गर्ने दिशामा निर्णायक भूमिका निर्वाह गर्ने हुँदा हरेक क्षेत्रहरूले समग्रतासे सजगता अपनाऊनु अपरिहार्य भइसकेको छ । विपरीत अवस्था तयार भए सहरी अपराधको दरमा सुरुआको पहैंचमा कमी आई नागरिक समाजले असुरक्षित रहेको महसुस गर्नेछन् भन्दा फरक नपर्ला । - साभार: कारोबार

अनमोलले साइन गरे 'हनी बनी', लन्डनमा सुटिङ

काठमाडौं/ सुटिङमा जाने भनेर लामो समय तयारी गरेको 'एस नाइन' अनिश्चित बने पछि फ्लोरमा जाने फिल्मको खोजीमा रहेका अनमोल केसीले 'हनी बनी' साइन गरेका छन् । दिवाकर भट्टराईको निर्देशनमा बन्न लागेको यो फिल्मको सुटिङ लन्डनमा हुने चर्चा छ । 'एस नाइन'का लागि भनेर अनमोलले जनवरी फ्रेब्रुवरीको मिति छुट्याएका थिए ।

फिल्मकै लागि भनेर अनमोलले ज्यान पनि बनाएका थिए । तर कारण स्पष्ट छैन तर यो फिल्म नबने हल्ला चल्यो । यसपछि घरबाटै तीनवटा फिल्म घोषणा गरेका अनमोलसँग घरकै फिल्म गर्ने कि बाहिरका फिल्म गर्ने विकल्प थिए, उनले फेरि एक पटक घरको हैन बाहिरको फिल्म रोज्ने निर्णय गरेका छन् ।

निर्माण टिम र अनमोलबीच तीन दिनअघि सम्झौता सम्पन्न भइसकेको छ । तर निर्माण टिमले भ्यालेन्टाइनको दिन पोस्टर र टिजर सार्वजनिक गर्ने लक्ष्यसहित अनमोलले फिल्म साइन गरेको कुरा सार्वजनिक गरेको हैन । फिल्ममा अनमोलको जोडी को रहने भन्ने चाहिँ टुंगो गरेको हैन । फिल्मको सुटिङ मार्चमा सुरु हुन्छ ।

- साभार: इकान्छ

विद्यालयहरुमा सेनेटरी प्याड वितरण सुरु

चितवन (रासस)/ भरतपुर महानगरपालिकाले मातहतका सबै विद्यालयमा सेनेटरी प्याड वितरण कार्य सुरु गरेको छ । महानगरले ७४ विद्यालयका छात्राका लागि चार लाख १० हजार ९० प्याकेट सेनेटरी प्याड वितरण कार्यको सुरुआत गरेको हो ।

पहिलो चरणमा एक लाख ८० हजार प्याकेट सेनेटरी प्याड महानगरले वितरण गरेको छ । लङ्कु स्रोत केन्द्रअन्तर्गतका ६ कक्षामाथि सञ्चालन भएका १८ विद्यालयलाई छात्र संख्याका आधारमा प्रतिछात्रा १५ प्याकेटका दरले सेनेटरी प्याड वितरण गरिएको छ । भरतपुर महानगर उपप्रमुख पार्वती शाह ठकुरीले विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधिलाई प्याड हस्तान्तरण गरेका छन् ।

दोस्रो चरणमा आउने प्याड अन्य विद्यालयलाई हस्तान्तरण गरिने ठकुरीले जानकारी दिए । उनले यसको प्रयोगसँगै फोहरको व्यवस्थापनमा ध्यान गर्न विद्यार्थीलाई आग्रह गरे । महिनावारी भएका बेला विद्यालय जान छात्रालाई असहज हुने भएकाले विद्यालयमै सेनेटरी प्याडको व्यवस्थापन गर्नसके छात्राको विद्यालयमा निरन्तरता गराउन सहज हुने ठकुरीको भनाइ छ ।

भरतपुर महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख महेन्द्र पौडेलले विगतदेखि नै सेनेटरी प्याड वितरण गर्ने योजना भए पनि खरिद प्रक्रियाले ढिलाइ भएको बताए । बोलपत्र आह्वान गरेर खरिद गर्दा समय लागेको उहाँको भनाइ छ । घटिघटाउमा रु ९२ लाख ६३ हजार ३९९ मा बोलपत्र सम्झौता भएर सेनेटरी प्याड खरिद गरिएको हो ।

भौतिक उपस्थितिमै बैशाख ९ गतेदेखि एसइई

बोर्डद्वारा परीक्षा तालिका सार्वजनिक

भरतपुर (रासस)/ यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आगामी वैशाख ९ गते बिहान ८ बजेदेखि सुरु हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डको बैठकले यस वर्षको एसइई परीक्षा वैशाख ९ गतेदेखि सुरु भएर २० गते सम्पन्न गर्ने निर्णय गरेसँगै बोर्डले बिहीबार तालिका सार्वजनिक गरेको छ ।

बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुने परीक्षा आगामी वैशाख २० गतेसम्म सञ्चालन हुने अध्यक्ष महाश्रम शर्माले जानकारी दिए । बोर्डले सार्वजनिक गरेको तालिका अनुसार परीक्षाको पहिलो दिन शुक्रबार अनिवार्य नेपाली विषयको परीक्षा हुनेछ । सोही दिन वैदिविद्याश्रमतर्फ अनिवार्य संस्कृत भाषा र साहित्यको पनि परीक्षा हुनेछ ।

वैशाख ११ गते आइतबार अनिवार्य गणित, १२ गते सोमबार अनिवार्य नेपाली र गैर नेपाली विद्यार्थीका लागि अंग्रेजीको परीक्षा हुनेछ । वैशाख १३ गते आइतबार अनिवार्य विज्ञान र वेदविद्याश्रम अनिवार्य संस्कृत व्याकरण र अनुवादको परीक्षा हुने भएको छ । वैशाख १४ गते अनिवार्य सामाजिक अध्ययन तथा प्राविधिकतर्फ फार्म म्यानेजमेन्ट, मार्केटिंग, इञ्जिनीयरिङ, ड्राइङ, कम्प्युटर परपियरिङ र मेन्टिनेन्स तथा बेसिक म्युजिकको परीक्षा हुने भएको छ ।

यसैगरी वैशाख १५ गते अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा, वेदविद्याश्रमतर्फ वेद वा नीतिशास्त्र, प्राविधिकतर्फ ऐच्छिक प्रथमका सबै विषयको परीक्षा हुनेछ भने प्राविधिकतर्फ एग्रिकल्चर, इलेक्ट्रिकल म्यानेजमेन्ट, कम्प्युटर नेटवर्किङ, इञ्जिनीयरिङ सर्भेइङको परीक्षा हुनेछ । त्यस्तै वैशाख १६ गते साधारण तथा संस्कृततर्फका ऐच्छिक प्रथमका सबै विषय, संस्कृततर्फ अनिवार्य संस्कृत शिक्षा, वेदविद्याश्रमतर्फ ऐच्छिक विषय र प्राविधिकतर्फ ऐच्छिक गणितको परीक्षा हुनेछ भने वैशाख १७ गते शनिवार साधारण तथा संस्कृततर्फ ऐच्छिक द्वितीयका विषय, वेदविद्याश्रम तर्फ कर्मकाण्ड वा फलित ज्योतिष, प्राविधिकतर्फ मेकिटेक्चर एण्ड मेडिसिनल प्लान्ट प्रोडक्सन, डेरी, इलेक्ट्रिकल इनर्जी, डाटाबेस म्यानेजमेन्ट सिष्टम, म्युजिक टेक्नोलोजीको परीक्षा हुनेछ ।

वैशाख १८ गते प्राविधिक विषयतर्फ क्रप प्रोडक्सन, स्मल रुमेन्ट प्रोडक्सन एण्ड म्यानेजमेन्ट, इलेक्ट्रिनिक्स डिभाइस एण्ड सर्किट, वाटर रिसोर्सेस र इञ्जिनीयरिङको परीक्षा हुनेछ । वैशाख १९ गते प्राविधिक विषयतर्फ नै एनिमल हेल्थ, इलेक्ट्रिकल मेसिन, माइको प्रोसेस, हाइवे इञ्जिनियरिङ, म्युजिक विजनेश एण्ड प्रोग्राम म्यानेजमेन्टको परीक्षा हुनेछ । अन्तिम दिन वैशाख २० गते प्राविधिकतर्फ नै फ्लोरिकल्चर एण्ड नर्सरी म्यानेजमेन्ट, भेटेनरी न्याकोटरी टेक्निक, इन्डुष्ट्रियल इन्स्टनेसन एण्ड मेन्टिनेन्स, अब्जेक्ट खोरेण्टेड प्रोग्रामिङ, इण्टिमेटिड क्स्टिङ एण्ड सुपरभिजन र ऐच्छिक विषयमा गायन, संगीत, वाद्यवादन र नृत्यको परीक्षा हुने भएको छ ।

बोर्डले आउँदो स्थानीय तहको निर्वाचनलाई समेत ध्यानमा राखेर परीक्षाको मिति निर्धारण गरेको उनले जानकारी दिए । यस वर्षको परीक्षामा पाँच लाख १० हजार परीक्षार्थी सहभागी हुने अनुमान बोर्डले गरेको छ । परीक्षाको तालिका भने बोर्डले आज सार्वजनिक गर्ने भएको छ ।

कोरोना भाइरस संक्रमणका कारण विगत दुई वर्ष एसइईको आन्तरिक मूल्यांकन गरेको र त्यसअघिका एसइई परीक्षा चैत महिनामा हुँदै आएकामा यस वर्ष भने कोरोना महामारीका कारण पढाइको कक्षा प्रभावित भएकाले पढाइलाई पूर्णता दिनका लागि बोर्डले नियमित समयभन्दा एक महिना ढिलोगरी परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो ।

मच्छिन्द्र र ब्लुस्टार बीचको खेल नेपालमा हुने

काठमाडौं (रासस)/ एएफसी कप छनोटअन्तर्गत नेपालको मच्छिन्द्र फुटबल क्लब र ब्लुस्टार बीचको खेल बिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने भएको छ ।

पहिलोपटक एएफसी कप खेल्ने अवसर पाएको मच्छिन्द्रले श्रीलंकाको ब्लुस्टारसँग आगामी चैत २२ गते खेल्ने अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनाएको छ । एन्फाको अनुसार उक्त खेल साँझ ५ बजेदेखि सुरु हुनेछ ।

एन्फाको नियमानुसार सहिद स्मारक ए डिभिजन लिगको सातौं चरणसम्म अंकतालिकाको शीर्षस्थानमा रहने टोलीले एएफसी कप छनोटमा सहभागिता जनाउन पाउनेछ । यसअनुसार मच्छिन्द्र एएफसी कप छनोटमा छनोट भएको हो । मच्छिन्द्रले पहिलो खेलमा ब्लुस्टारलाई पराजित गरेमा दोस्रो चरणमा भारतको एटीके मोहन बगानसँग खेल्नेछ । उक्त खेल चैत १२ गते हुनेछ ।

मच्छिन्द्रले एएफसी कपको समूह चरणमा स्थान बनाउन यी दुई चरणको खेलसहित प्लेअफको अन्तिम खेल पनि जितुपर्नेछ । प्लेअफमा जित हात पार्ने टोलीले एएफसी कपको समूह 'डी' मा स्थान पाउनेछ । समूह 'डी' भारतको गोकुलम केरला, बङ्गलादेशको बसुन्धरा किंग्स, मान्दिभको माजिया र प्लेअफ विजेताबीच प्रतिस्पर्धा हुनेछ ।

सुनको मूल्यमा प्रतितोला रु ५०० ले वृद्धि

काठमाडौं (रासस)/ सुनचाँदी बजारमा बिहीबार छुपाबाल सुनको प्रतितोला रु ५०० ले बढेर रु ९३ हजार ९०० पुगेको छ । पहेंलो धातु बुधबार प्रतितोला रु ९३ हजार ४०० मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणानुसार तेजाबी सुनको बिहिबारको मूल्य प्रतितोला रु ९३ हजार ४०० छ, जबकी मूल्य अघिल्लो दिन रु ९२ हजार ९०० थियो । यसै बिहीबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रही प्रतितोला रु एक हजार २८० कायम रहेको महासंघले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा बिहीबार सुन प्रतिऔंस एक हजार ८३३ डलर आसपास कारोबार भइरहेको छ ।

याक एण्ड यतिको इजाजत रद्द

काठमाडौं (रासस)/ काठमाडौंमा रहेको याक एण्ड यति होटलको नाममा सञ्चालित क्यासिनोले राज्यलाई बुझाउनुपर्ने ४२ करोड रोयल्टी नबुझाएको भन्दै उक्त होटलको पाँच तारे वर्गीकरण र क्यासिनो सञ्चालनको इजाजत रद्द गरिएको छ ।

सरकारलाई बुझाउनुपर्ने रोयल्टी पटक पटक ताकेता गर्दा पनि नबुझाएकाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा सो इजाजत रद्द गरिएको हो ।

बुधबार याक एण्ड यति होटल लिमिटेड, दरबारमार्गको क्यासिनो सञ्चालन इजाजतपत्र र होटल स्तर वर्गीकरण प्रमाणपत्र रद्द गरिएको मन्त्री आलेले जानकारी दिए । नेपाल सरकारले विसं २०४८ पुस २२ गते उक्त होटलको नाममा क्यासिनो सञ्चालनको इजाजतपत्र जारी गरेको थियो ।

नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने रोयल्टी, इजाजत नवीकरण दस्तुर लगायतको रकम कानून बमोजिम होटलले दाखिला नगरेका कारण कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कसिएको तथा यस विभागको अभिलेखमा आर्थिक वर्ष२०७६/०७७ सम्मको बँकी बक्यौता आर्थिक वर्ष २०७७/०७८ को इजाजतपत्र नवीकरण दस्तुर, आय २०७८/०७९ को रोयल्टी दस्तुर समेत गरी रु ४२ करोड २५ लाख ६८ हजार २३ रुँयाँ ४२ पैसा नबुझाएकाले कानुनअनुसार क्यासिनो सञ्चालन इजाजतपत्र र होटल स्तर वर्गीकरण प्रमाणपत्र रद्द गरिएको मन्त्री आलेले बताए । पर्यटन विभागले यो निर्णय कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहयोग गरिदिन गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।

हार्दिक समवेदना

यस विद्यालयमा कार्यरत कर्मचारी श्री राजकुमार कार्कीको ममतामयी माता **विष्णुकुमारी कार्की**को ७८ वर्षको उमेरमा असामयिक र अकल्पनीय स्वर्गारोहणले हामी अत्यन्तै मर्माहत भएका छौं । दिवंगत आत्माको चिरशान्ति र शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

हेटौंडा एकेडेमी परिवार

हेटौंडा-११, नवलपुर

कांग्रेसको संगठन विस्तारमा हप्ते-अभियान

काभ्रेपलान्चोक (रासस)/ नेपाली कांग्रेस काभ्रेपलान्चोकले आउँदो फागुन पहिलो साता वडास्तरमा संगठन विस्तार अभियान सञ्चालन गर्ने भएको छ । फागुन १ देखि ७ गतेसम्म संगठन विस्तार अभियान सञ्चालन गरिने पार्टीले हालै निर्णय गरेको हो ।

नवनिर्वाचित कर्मसमितिको पहिलो बैठकले वडास्तरमा भ्रातृ संगठन विस्तार र सदस्यता वितरण गरिने निर्णय भएको पार्टी जिल्ला सचिव गुणराज मोक्तानले बताए । उनका अनुसार भ्रातृ संगठन विस्तारसँगै सबै वडामा पार्टीको टोल समितिसमेत गठन गरिनेछ ।

काभ्रेपलान्चोकको छ नगरपालिका र सात गाउँपालिकामा १३५ वडा छन् । पार्टी संगठनलाई सुदृढ एवं चलायमान बनाउने अभियानअन्तर्गत नै आउँदो शनिबार जिल्लास्थित पालिका सभापति र वडा सभापतिका लागि एक दिवसीय प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको छ । भोक्तानका अनुसार प्रशिक्षणमा सम्बन्धित वडाबाट गाउँ-नगर कार्य समिति, प्रदेश तथा क्षेत्रीय समिति, प्रतिनिधिसभा क्षेत्रीय समिति, माथिवेशन प्रतिनिधि, जिल्ला एवं प्रदेश कार्यसमितिमा प्रतिनिधित्व गर्ने पदाधिकारी, सदस्य एवं प्रतिनिधिलाई सहभागी गराइनेछ ।

पार्टीको आठौं जिल्ला अधिवेशनअन्तर्गत गत असोज पहिलो साता बडा अधिवेशन, दोस्रो साता स्थानीय तह अधिवेशन, मंसिर पहिलो साता प्रदेश क्षेत्रीय अधिवेशन र दोस्रो साता प्रतिनिधिसभा क्षेत्र तथा जिल्ला अधिवेशन सम्पन्न भएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मुख्य बजारमा खोप अभियान: हेटौंडाको मुख्य बजार बुद्धचोकमा कोरोनाविरुद्धको खोप लगाउन सुरु गरिएको छ । जिल्ला कोभिड व्यवस्थापन समिति, हेटौंडा उपमहानगरपालिका र जिल्ला स्वास्थ्य कार्यालयको संयुक्त पहलमा बुधबारबाट विशेष खोप सप्ताह सुरु गरिएको हो । हेटौंडाको बुद्धचोकमै कोरोना विरुद्धको खोप नलगाएकाहरूलाई लक्षित गरेर खोप सप्ताह सुरु गरिएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख भीमसागर गुरागाईले जानकारी दिए ।

६ सय १० विपन्न परिवारलाई बागमती कांग्रेसद्वारा न्यानो कपडा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको विकट राक्सिराङ र मनहरी गाउँपालिकाका अति विपन्न चेपाङ तथा तामाङ समुदायका ६ सय १० परिवारलाई बिहिबार नेपाली कांग्रेस बागमती प्रदेशले जाडोबाट बचनका लागि न्यानो कपडा वितरण गरेको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिले मकवानपुरको राक्सीराङ गाउँपालिका १, ३ र ५ को टंगरङ, साफाबंगीम, निगुरेटार, चुरेडोंडा, इन्द्रङ, राम्चे, मैनटार डोटेनगायतका टोलका ३ सय चेपाङ तथा तामाङ घरपरिवारलाई न्यानो कपडा कम्बल वितरण गरेको हो ।

त्यसैगरी मनहरी ४ का नर्यावस्तीका बनकरिया, पजा, तामाङ, दलित समुदायका २ सय घरपरिवार र मनहरी ३ लामिटारका १ सय १० घरपरिवार लाई न्यानो कपडा कम्बल वितरण गरिएको हो ।

कांग्रेस बागमती प्रदेश सभापति एवं कांग्रेस बागमती प्रदेश

संसदीय दलका नेता इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा भएको न्यानो कपडा वितरण कार्यक्रममा प्रतिनिधिसभा २ ख का प्रदेश सभापति रञ्जन कक्कड़ले रक्सिराङ गाउँपालिका अध्यक्ष एवं कांग्रेस मकवानपुरका जिल्ला सदस्य राजकुमार मल्ल, कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौला, रक्सिराङ गाउँपालिका सभापति बीरेन्द्र जिम्बा, मनहरी ३ का वडा सभापति रमेश पुरी, मनहरी ४ का वडा सभापति आईतसिं तितुङलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेश उपसभापतिद्वय मोहनबहादुर बस्नेत, चन्द्र महर्जन, महामन्त्री कन्चनचन्द्र वार्दे, सहमहामन्त्रीहरु ऋषिराम घिमिरे, हरिशरण श्रेष्ठ, जीवन डंगोल, सदस्यहरु देवकी गौतम, कल्पना खड्का, जानुकी लामा, समाजसेवी होमनाथ चौलागाई, राक्सीराङ गाउँपालिका उपाध्यक्ष निर्मला हिमडुङलगायत नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

कमल थापा राप्रपामै फर्किनेमा राणा आशावादी

साझाकुरा संवाददाता

हेटौंडा/राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष पशुपतिसमशेर जबरीले हालैं पार्टी परित्याग गरेका पूर्वअध्यक्ष कमल थापा पुन: पार्टीमा फर्किनेमा आशावादी रहेको बताएका छन् ।

बिहीबार पार्टी कार्यालय

धुम्बाराहीमा बसेको केन्द्रीय पदाधिकारी बैठकअघि सञ्चारकर्मी सँग बोल्दै पूर्वअध्यक्ष समशेरले यस्तो बताएका हुन् । उनले थापालाई धैर्य गर्न र छलफल गरेर माथि निर्णय लिन अनुरोध गरे पनि असीकार गरेकोमा दुःख लागेको बताए ।

उनले पूर्वअध्यक्ष थापाले पार्टी परित्यागको घोषणा गर्नु अनपेक्षित घटना भएको बताए । पूर्वअध्यक्ष शमशेरले भने, 'यो अनपेक्षित घटना हो । उनको धेरै गुनासोहरु सार्वजनिक भइसकेको थियो । तर हाम्रो करा हुँदा थी सबै कुरालाई अलि धैर्य लिएर छलफल गरौं भनेर मैले अनुरोध गरेको थिएँ,' उनले भने, 'त्यो अनुरोध स्वीकार हुन्छ भन्ने आशा गरेको थिएँ ।

अपर्फट निर्णय आयो, दुःख लाग्दो कुरा हो । तीनै चरणको निर्वाचनमा पार्टीले गम्भीर भएर सोच्नुपर्छ । उहाँ पार्टीमा पुन: फर्किनुहोस् भन्ने आशा छ ।'

पूर्वअध्यक्ष समशेरले आगामी तीनै चरणको निर्वाचनमा पार्टी गम्भीर भएर लाग्नुपर्ने बताए ।

डबल ब्ल्याक खाजा

स्वादिष्ट परिकारहरू:

- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन

ओपाज
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

डबल ब्ल्याक खाजा
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
वागमती प्रदेश, हेटौंडा

कोभिड १९ को संक्रमणबाट बचौं र बचाऔं

कोभिड १९ विरुद्ध खोप लगाई सकेका व्यक्तिहरुलाई गम्भीर बिरामी हुने जोखिम कम भएपनि संक्रमण हुने जोखिम रहिरहन्छ । लक्षण नदेखिएका व्यक्तिहरुले पनि अर्को व्यक्तिलाई संक्रमित बनाउन सक्ने भएकोले माथि नपाई तपाईले आफ्ना प्रियजनहरु माझ संक्रमण फैलाईर हनु भएको पनि हुनसक्छ । त्यसैले जहिले पनि नाक, मुख र चिउडो छोपिने गरि मास्क लगाई जीम्मेवार नागरिकको दायित्व पुरा गरौं ।

याद गरौं:
"कोभिड १९ विरुद्ध पूर्ण खोप लगाऔं आफू र आफ्नो परिवारलाई कोभिड १९ रोग लाग्नबाट बचाऔं"
"जनस्वास्थ्यको मापदण्डको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"

ऐन संशोधन नभएसम्म आन्दोलन जारी रहने

साझाकुरा संवाददाता

हेटौंडा/सरकारले जारी गरेको संघीय वन ऐन र बागमती प्रदेशले जारी गरेको प्रदेश वन ऐन संशोधन नभएसम्म महासंघले गरिरहेको आन्दोलन जारी रहने सामुदायिक वन उपभोक्ता महासंघकी केन्द्रीय अध्यक्ष भारती पाठकले बताएकी छन् ।

सामुदायिक वन उपभोक्ता महासंघ, बागमती प्रदेश र जिल्ला शाखा मकवानपुरले सञ्चालन गरि रहेको बागमती प्रदेश मुख्यमन्त्रीको कार्यालय, हेटौंडामा भएको एक घण्टे धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष पाठकले सामुदायिक वनको अधिकार माथि अंकुश लगाउने वन ऐन खारेज गर्नुपर्नेमा जोड दिइन् ।

स्थानीय उपभोक्ताहरुले संरक्षण गरी हराभरा बनाएको सामुदायिक वनमाथि वनमाफिया-हरुलाई फाईदा पुग्ने गरि वन ऐन संशोधन गरेको बताउदै अध्यक्ष पाठकले समुदायको हक र जीविकालाई क्षीण्ठ बनाउनुको साथै सामुदायिक वनलाई हेरेरो कर लगाए सरकार समुदायमाथि दोष थोपर्न क्रियाशिल रहेको बताइन् ।

अध्यक्ष पाठकले सरकारले वन ऐन संशोधन नगरसम्म आन्दोलन जारीरहने र महासंघको फागुन ८ र ९ गते बस्ने केन्द्रीय कार्यसमितिको बैठकले तेश्रो चरणको आन्दोलनको घोषण गर्ने बताइन् । बागमती प्रदेशको वन ऐन २०७६ को संशोधन, तेरेरो कर खारेजी र वन संरक्षण क्षेत्र खारेजी लगायतको माग यदैं महासंघले माघ १७ गतेदेखि बागमती प्रदेशको मुख्यमन्त्रीको कार्यालयमा हेटौंडामा एक घण्टा धर्ना दिदै आएको छ ।

धर्ना कार्यक्रममा फेकोफन बागमती प्रदेशका सचिवालय सदस्य रामहरि चौलागाई, सदस्य अर्जुनप्रसाद दाहाल, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, चनौटा सामुदायिक वनका अध्यक्ष हरिशरण पौडेल, रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेल, विभिन्न सामुदायिक वनका पदाधिकारी र उपभोक्ताहरुको सहभागिता थियो ।

कोरोनाका कारण महासंघले भौतिक दुरी कायम गरि कार्यक्रम गरेको थियो । विरोध कार्यक्रम अनतरगत माघ २८ गते सम्म जारीरहने र माग पुरा नभए तेश्रो चरणको कार्यक्रम घोषणा गर्ने महासंघको योजना छ ।

साना किसानको सेवा विस्तार

साझाकुरा संवाददाता

हेटौंडा/मनहरी गाउँपालिका-८ मा रहेको साना किसान कृषि सहकारी संस्थाले आफ्नो सेवा र उपस्थितिलाई अझ प्रभावकारी बनाउने उद्देश्यले मनहरी गाउँपालिका वडा नम्बर ६ को सुनाचुरीमा सेवा केन्द्रको उद्घाटन गरेको छ ।

मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेतिले रिवनकाटेर सेवा केन्द्रको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सहकारीको माध्यमबाटै स्थानीय जनसरकको आर्थिक स्थिति उकाल्न सकिनेमा सहकारी र स्थानिय जनताबिच नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्ने अध्यक्ष उप्रेतीले बताए ।

हाललाई ३ जना जनशक्तिद्वारा सेवा सुरु गर्ने संस्थाले जानकारी दिएको छ । हाल सस्थाको जम्मा २ हजार ३ सय ५१ जना शेयर सदस्य रहेकोमा वडा नम्बर ६ मा मात्रै २ सय ६५ जना शेयर सदस्य रहेको संस्थाले जनाएको छ । ३ वटा अन्तर समूह रहेको यस वडा भित्र सेवा शाखा विस्तार सँगै शेयर सदयहरुलाई सेवा लिन सहज भएको छ ।

सस्थाले ६ नम्बर वडाबाट सेवा सुचार गरेसँगै बचत सन्कलन, ऋण प्रवाह, रेमिटयान्स, कृषि तथा भेटेनरीको प्राबिधिक सेवा, उन्नत बिउ बिजन, रसायनिक मल तथा पशु बिमा जस्ता सेवा उपलब्ध गराउने सस्थाका प्रबन्धक ज्योति सुबेदीले बताए ।

१२ औं जनगणना सम्म आईपुग्दा पालिकाको वडाहरुमध्य सबै भन्दा बढी घरघुरी र जनघनत्व रहेको यस वडामा सस्थाले आफ्नो उपस्थितिलाई ब्यापक बनाउन नसकिरहेको अवस्थामा यो सेवा केन्द्रको स्थापना सँगै वडा नम्बर ६ का जनताले लाभ लिन सकिने र साथसाथै वडा भित्र सहकारीको महत्व बुझ्ने एक घर एक सहकारी सदस्य बन्ने अभियानलाई साकार बनाउने सस्थाकी अध्यक्ष बिमला काकीले विश्वास व्यक्त गरे ।

साझाकुरा
www.sajhakuranews.com
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको
चाहनालाई मध्यनजर
गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

माओवादी थाहा नगर कमिटी चयन निर्वाचतर्फ मोडियो

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा माओवादी केन्द्र थाहा नगर कमिटीको नेतृत्व चयन सर्वसम्मत हुन नसकेपछि निर्वाचनतर्फ मोडिएको छ ।

मंसिर ११ गते नेकपा माओवादी केन्द्र थाहा नगर कमिटीको अधिवेशनबाट नेतृत्व चयनमा सर्वसम्मत हुन नसकेपछि ५८ सदस्यीय नगर सदस्य मात्रै टुङ्ग्याएर अधिवेशन सकिएको छ । ५८ जना सदस्य मध्येबाट पदाधिकारी टुङ्ग्याउनुपर्ने अवस्थामा सर्वसम्मतको प्रयास असफल भएपछि निर्वाचन तर्फ मोडिएको हो ।

माओवादी नेतृत्वले पटक-पटक सर्वसम्मतको मिशी प्रयास गरिरहेको भएपनि मंगलबारसम्म सफल हुन सकेन । अध्यक्ष पदका लागि अरुण रायमाझी र बिनोद लामाको दावी कायमै छ । दुबै आकांक्षीले आफ्नो अडान कायम गरिरहेपछि माओवादी नेतृत्व निर्वाचनको विधिमा पुग्ने निर्णयमा पुगेको बताइएको छ ।

दुई उम्मेदवारमध्ये माओवादीको माथिल्लो नेतृत्वले पुरानै नेतृत्वको आवश्यकता रहेको भन्दै अशिवेशनमा दबाब सिर्जना गरेको माओवादीका नगरस्तरीय एक नेताले बताए । तर, नगर कमिटीको नेतृत्वका लागि बिनोद लामाले पनि आफ्नो अडान कायमै राखेपछि माथिल्लो नेतृत्वको निर्णय सर्वसम्मत हुन सकेन । अन्ततः सबै आकांक्षीसहितको ५८ सदस्यीय नगर कमिटी गठन गरेर अधिवेशन टुङ्ग्याइएको थियो ।

अधिवेशनमा अध्यक्ष पदका लागि उम्मेदवारी दिएका अर्का उम्मेदवार मनोज अधिकारीले सर्वसम्मतिको प्रयासका लागि उम्मेदवारी फिर्ता लिनु भएको थियो । तर, अब निर्वाचनमै जाने भए आफ्नो पनि उम्मेदवारी कायमै रहने बताए ।

सरकारले स्थानीय निर्वाचनको मिति घोषणा गरेसंगै माओवादीलाई नेतृत्व चयनको दबाब परेको हो । अध्यक्ष बाहेक अन्य पदाधिकारीहरुमा सर्वसम्मत हुने अनुमान गरिएको भएपनि अध्यक्ष पदको निर्वाचन भएमा अन्य पदमा समेत सर्वसम्मत हुने सम्भावना नहुन सक्ने अवस्था छ ।

तथापि, माघ २८ गतेसम्म पनि सर्वसम्मतिको प्रयास भने कायमै रहने बताइएको छ । अब बन्ने नगर कमिटीलाई माओवादी वृत्तभित्र स्थानीय निर्वाचनलाई समेत जोडेर विश्लेषण गर्न थालिएको छ । माओवादीको नगर कमिटीमा ७ जना मनोनित सदस्य समेत गरि ६५ सदस्यीय रहने व्यवस्था छ ।

फास्ट ट्र्याकमा सुरुङमार्ग निर्माण फागुनबाट थालिने

काठमाडौं/काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक)मा फागुनबिटै सुरुङमार्ग निर्माण थाल्नेगरी तयारी भइरहेको आयोजनाले जनाएको छ । सुरुङमार्गको इपीसी (इन्जिनियरिङ प्रक्यूमेन्ट एण्ड कन्स्ट्रक्सन)मोडल अनुसार निर्माण कम्पनीले तयार पारेको डिजाइन स्वीकृत भएसँगै अहिले फिन्ड सर्भे र क्याम्प व्यवस्थापनको काम भइरहेको छ । सैनिक प्रवक्ता सहायकरथी नारायण सिलवालका अनुसार छिट्टै नै निर्माणको काम थाल्नेगरी तयारी भइरहेको छ ।

आयोजनाले विभाजन गरेको ११ वटा प्याकेजमध्ये प्याकेज १ र २ मा सुरुङ निर्माणलाई राखिएको छ । 'दुबै प्याकेजमा साइट क्याम्प र पूर्व तयारीको काम भइरहेको छ,' उनले भने, 'डिजाइन स्वीकृत भएकोले सो अनुसारको काम गर्न सर्भे जारी छ ।' आगामी महिनाभित्र सुरुङ खन्ने काम नै थाल्नेगरी तयारी भइरहेको सेनाले जनाएको छ ।

दुबै प्याकेजको सुरुङ निर्माणको ठेक्का चाइनिज कम्पनीले पाएका छन् । चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कम्पनीले छोकेडाँडादेखि धेरैंसम्म ३.३५५ किलोमिटर सुरुङ निर्माणको ठेक्का पाएको हो ।

जसको ठेक्का रकम २१ अर्ब ६१ करोड रुपैयाँ छ । चाइनिज निर्माण कम्पनी पोली च्याङदाले धेरैंदेखि लेनडाँडासम्म ३.०३ किलोमिटर सुरुङ निर्माण गर्ने ठेक्का

पाएको हो । जुन खण्डको ठेक्का रकम २८ अर्ब ४३ करोड छ । दुबैको ठेक्का २०७८ बैशाख ३१ गते भएको हो ।

समय आयोजनाको निर्माण समयावधि २०८१ मंसिर मसान्तसम्म मात्र छ । अहिलेसम्म आयोजनाको भौतिक प्रगति १६ दशमलव १० प्रतिशत छ । चालु आर्थिक वर्षमा थप ५ दशमलव १० किलोमिटर सडक निर्माणको काम गर्ने लक्ष्य रहेको सेनाको जनायो ।

सेनाले सुरुङ र पुलको निर्माण सुरु भएपछि भौतिक प्रगति पनि बढ्ने दावी गरेको छ ।

(इकान्तिपुरबाट)

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत
मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोस्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना